श्री ..........................................विद्यालय सार्वजनिक. निजी शैक्षिक गुठीको विधान २०.....

प्रस्तावना

राष्ट्रको सर्वाङ्गीण विकासको लागि चाहिने दक्ष जनशक्ति तयार पार्न नेपाल सरकारको कार्यमा सहकार्य गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने सेवाको भावनाबाट प्रेरित भई शिक्षा ऐन, शिक्षा नियमावली तथा प्रचलित कानून अनुसार संस्थागत विद्यालयलाई दिगो रुपमा संचालन तथा व्यवस्थापन गर्न शिक्षा ऐन, २०२८ को दफा ३ र चन्द्रागिरि नगर शिक्षा ऐन, २०७५ को दफा ३ को प्रयोजनका लागि शिक्षा नियमावली, २०५९ को नियम ११ को व्यवस्था बमोजिम श्री.......................................... विद्यालय सार्वजनिक . निजी शैक्षिक गुठीको विधान तयार गरी जारी गरिएको छ।

परिच्छेदः १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

.१॰ विधानको नामः यस विधानको नाम. . . . . . . . . . . . . . रहनेछ।

.२॰ प्रारम्भः यो विधान चन्द्रागिरि नगरपालिकाबाट स्वीकृत भई दर्ता भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

.क॰ "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ र चन्द्रागिरि नगर शिक्षा ऐन २०७५ सम्झनु पर्छ।

.ख॰ "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ।

.ग॰ "शैक्षिकसत्र" भन्नाले शिक्षा नियमावली अनुसारको शैक्षिकसत्रलाई सम्झनु पर्छ।

.घ॰ "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौडा सम्झनु पर्छ।

.ङ॰ "कार्यालय" भन्नाले चन्द्रागिरि नगरपालिका शिक्षा कार्यालय सम्झनु पर्छ।

.च॰ "विद्यालय" भन्नाले ......................................, चन्द्रागिरि सम्झनुपर्छ।

.छ॰ "विद्यार्थी" भन्नाले विद्यालयमा नियमानुसार भर्ना भई अध्ययन गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

.ज॰ "विनियम" भन्नाले विधानको परिधि भित्र बनेको विनियम सम्झनु पर्छ।

.झ॰ "व्यवस्थापन समिति"भन्नाले विद्यालय संचालनको लागि शिक्षा नियमावली, २०५९ तथा चन्द्रागिरि शिक्षा ऐन, २०७५ अनुसार गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

.ञ॰ "विधान"भन्नाले ..........................विद्यालयको सार्वजनिक र निजी शैक्षिक गुठीको विधान सम्झनुपर्छ।

.ट॰ "शुल्क" भन्नाले शिक्षा ऐन तथा नियमावलीको परिधि भित्र रही विद्यार्थीबाट उठाइने शुल्क सम्झनु पर्छ।

.ठ॰ "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि स्थापना गरिएको ..............विद्यालयको ...... शैक्षिक गुठी सम्झनु पर्छ।

.ड॰ "कोष" भन्नाले यस विधान अन्तर्गत स्थापना गरिएको शैक्षिक गुठीको सबै प्रकारको कोषहरु सम्झनु पर्छ।

.ढ॰ "सम्पति" भन्नाले ............. विद्यालय शैक्षिक गुठीको सबै प्रकारको चलअचल सम्पतिलाई सम्झनु पर्छ।

नमुना

•ण◦ “शिक्षक तथा कर्मचारी” भन्नाले .............. विद्यालयमा बहाल रहेका र भविष्यमा नियुक्त हुने स्थायी, अस्थायी र करारमा काम गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

•त◦ “प्रधानाध्यापक” भन्नाले विद्यालयको पठन पाठन, शिक्षक तथा शिक्षिका र शैक्षिक तथा प्रशासनिक व्यवस्थापनको कार्य गर्ने विद्यालयको मुख्य शिक्षक सम्झनु पर्छ।

•थ◦ “गुठीयार” भन्नाले गुठीको प्रमुख गुठियार समेतका गुठियारहरुलाई सम्झनु पर्छ।

•द◦ “सञ्चालक समिति” भन्नाले यस विधान बमोजिम गठित सञ्चालक समितिलाई सम्झनु पर्छ।

•ध◦ “सभा” भन्नाले यस गुठीको प्रारम्भिक सभा, बार्षिक सभा र बिशेष सभालाई सम्झनु पर्छ।

•न◦ “स्थानीय तह” भन्नाले चन्द्रागिरि नगरपालिकालाई सम्झनु पर्छ।

•प◦ “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो विधान र यस अन्तरगत बनेका नियम तथा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

•फ◦ “संस्था” भन्नाले यसै विधान बमोजिम गठित गुठीलाई सम्झनु पर्छ।

३. गुठी वा विद्यालयको नाम र ठेगाना •१◦ गुठीको नामः यस गुठीको नाम . . . . . . . . . . . . . रहनेछ। अंग्रेजीमा यसलाई . . . . . . . . . . . . . . . . भनिनेछ।

•२◦ गुठीको कार्यालय रहने ठेगानाः यस गुठीको कार्यालय काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. . . , . . . . . . . . . मा रहनेछ।

•३◦ यस गुठीको कार्यक्षेत्र चन्द्रागिरि नगरपालिका भरी रहनेछ।

४. शैक्षिक गुठी र विद्यालयको छापः यस शैक्षिक गुठी र यस अन्तरगत संचालन हुने विद्यालयको अनुसुची १ मा उल्लेख गरिए बमोजिम आफ्नो अलग अलग छुट्टै छाप हुनेछ।

परिच्छेदः २

उद्देश्य

५. गुठीका उद्देश्यहरुः

प्रचलित कानुनको अधिनमा रही निम्नानुसार उद्देश्यहरु हासिल गरिने छन्ः

१◦

२◦

६. गुठीको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः

यस गुठीले उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछः

१◦

२◦

नमुना

७. सेवा पुर्याउन चाहेको लक्षित समूहः गुठी वा विद्यालयले निम्न बमोजिमको समूदायमा सेवा पुर्याउने छ।

परिच्छेद॰ ३

सदस्यता' साधारण सभा र कार्यविधि

८. गुठी सदस्यः गुठीले निम्न वर्गिकरणको आधारमा सदस्यता प्रदान गर्नेछ।

९. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः यस संस्थाको सदस्यको लागि देहाय वमोजिमको योग्यता पुगेको हुनुपर्नेछः

.क॰ नेपाली नागिरक भएको।

.ख॰ अठार वर्ष उमेर पूरा भएको।

.ग॰ नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजायँ नपाएको।

.घ॰ सरकारी वा सार्वजनिक सम्पत्ती हिनामिना गरेको नठहरेको।

.ङ॰ मानसिक सन्तुलन नगुमाएको।

१०. संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्थाः .१॰ देहायको अवस्थामा कुनै व्यक्ति गुठीको सदस्यता प्राप्त गर्न वा सदस्यता कायम रहन सक्ने छैन।

.क॰ दफा ८ बमोजिमको योग्यता गुमाएमा।

ख॰ साधारण सभाको ७५ प्रतिशत सदस्यहरुको बहुमतले क्लबको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा।

ग॰ सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा

घ॰ क्लबको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा प्रमाणित भएमा।

ङ॰ यस विधान वमोजिम क्लबले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा'

च॰ सदस्यता शुल्क वुझाउन बाँकी भएमा।

छ॰ क्लब विघटन वा खारेज भएमा।

२॰ कुनै व्यक्ति क्लबको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि क्लबले निजलाई सो कुराको सुचना दिई सफाईको सवुद पेश गर्ने मौका दिनेछ।

११. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः

नमुना

१२.	साधारण सभाको गठनः •१◦ यस संस्थाको विधान अनुसार सदस्यता प्राप्त गर्ने सदस्यहरु समावेश गरी संस्थाको साधारण सभा देहाय बमोजिम गठन हुनेछ ।

•क◦

१३.	साधारण सभाको काम' कर्तव्य र अधिकारः •१◦ साधारण सभाको काम' कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क◦ वार्षिक वजेट पारित गर्ने ।

ख◦ वार्षिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गर्ने' अनुमोदन गर्ने

ग◦ वार्षिक कार्यप्रगति विवरण र गुठीले गरेको कार्यहरुको मूल्यांकन गरी सञ्चालक समितिलाई आवश्यक निर्देशन दिने ।

घ◦ विधान संशोधन' नियम तथा विनियम स्वीकृत गर्ने ।

ङ◦ सञ्चालक समितिका पदाधिकारीहरुको विधान वमोजिमको प्रक्रिया अन्तरगत रही निर्वाचन गर्ने ।

च◦ कर्मचारीहरुको दरवन्दी' पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरु तोक्ने ।

१४.	सञ्चालक समितिको गठन' पदावधी र बैठक सञ्चालन प्रक्रियाः १◦ साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय वमोजिमको सञ्चालक समिति गठन गरिनेछ ।

अध्यक्ष –

सचिव –

कोषाध्यक्ष –

सदस्यहरु –

२◦ सञ्चालक समितिको कार्यकाल २ •दुई◦ वर्षको हुनेछ ।

३◦ सञ्चालक समितिमा रहेको कुनै सदस्य पद रिक्त हुन आएमा निर्वाचन प्रकृयाद्वारा पदपूर्ति गरिनेछ ।

४◦ सञ्चालक समितिको वैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ ।

५◦ सञ्चालक समितिको वैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ ।

६◦ सञ्चालक समितिको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ ।

७◦ सञ्चालक समितिको वैठकको निर्णयको अभिलेख निर्णय किताबमा लेखी राखिनेछ ।

८◦ गुठीले गर्ने भनेको सम्पूर्ण काम सञ्चालक समितिको निर्णयबाट हुनेछ ।

१०◦ सञ्चालक समितिको बैठक सञ्चालक समितिमा कायम रहेको सदस्यहरुको ५१ प्रतिशत सदस्यको उपस्थिती नभै वस्ने छैन ।

नमुना

१५. सञ्चालक समितिको काम कर्तव्य र अधिकारः सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

१॰ आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित वजेट वनाई साधारण सभामा प्रस्तुत गर्ने

२॰ विधान वमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने।

३॰ गुठीको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने।

४॰ साधारण सभा प्रति उत्तरदायी रहने।

५॰ गुठीको उद्देश्य प्राप्तिका लागि उपलव्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने।

६॰ गुठीको कार्यसम्पादन गर्न कार्य योजना वनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने।

७॰ कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने।

८॰ कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्वन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृती गराई लागु गराउने।

१०॰ गुठीको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

१६. पद त्याग गर्न सक्नेः

१७. अन्य समितिहरुः—१॰ यस विधानको परिधि भित्र रहेर सञ्चालक समितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ।

तर, यसरी गठन गरिएको समिति वा उपसमिति साधारण सभाको वैठकद्वारा अनुमोदन गराउनु पर्नेछ।

## परिच्छेदः ४

## पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार

१८. पदाधिकारीहरुको काम, कर्तब्य र अधिकारः .१॰ सञ्चालक समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

१॰ अध्यक्षको काम कर्तव्य र अधिकारः

क॰ सञ्चालक समिति र सभाको वैठकको अध्यक्षता गर्ने, वैठक संचालन गर्ने।

ख॰ निर्णायक मत दिने।

घ॰ गुठीको नेतृत्व लिने।

च॰ अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने।

ङ॰ अभिलेख प्रमाणित गर्ने।

२॰ सचिवको काम कर्तव्य र अधिकारः

क॰ गुठीको सचिवालयको रेखदेख र संचालन गर्ने।

ख॰ अभिलेख सुरक्षित राख्ने।

ग॰ अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने।

३॰ कोषाध्यक्षको काम कर्तव्य र अधिकारः

क॰ कोषको रेखदेख र संचालन गर्ने।

नमुना

ख॰ साधारण सभामा वार्षिक कार्यक्रम र वजेट पेश गर्ने।

ग॰ लेखा दुरुस्त राख्ने।

घ॰ नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने।

४॰ सदस्यहरुको काम कर्तव्य र अधिकारः

क॰ समितिको वैठकमा सक्रिय सहभागिता जनाउने।

ख॰ गुठीको काममा रचनात्मक भूमिका निर्वाह गर्ने।

ग॰ तोकिएको अन्य काम गर्ने।

१९. गणपूरक संख्याः .१॰ कूल सदस्य संख्याको ६० .साठी॰ प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन।

.२॰ तर' पुनः बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन।

परिच्छेदः ५

आर्थिक व्यवस्था

२०. संस्थाको कोषः .१॰ संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमका प्राप्त रकम जम्मा हुनेछन्ः

.२॰ विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए गुठीले नेपाल सरकार' अर्थ मन्त्रालयबाट स्वीकृत लिईने छ।

.३॰ संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिने छ।

२१. खाता संचालनः

२२. कोषको रकम खर्च गर्ने तरिकाः

२३. संस्थाको लेखा र लेखा परीक्षणः १॰गुठीको आय व्ययको लेखा प्रचलित कानुन वमोजिम स्पष्ट तवरले राखिनेछ।

२॰ गुठीको लेखापरीक्षण प्रचलित कानुन वमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ।

३॰ नेपाल सरकार वा कार्यालयले चाहेमा जुनसुकै वखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई गुठीको हिसाव किताव जाँच गर्न गराउन सक्नेछ।

४॰ लेखापरीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ तर वार्षिक साधारण सभा नभएसम्मका लागि लेखा परीक्षकको नियुक्ती सञ्चालक समितिबाट हुनेछ।

नमुना

५. गुठीको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको एक एक प्रति सम्बन्धित निकायमा पेश गरिनेछ।

### परिच्छेदः ६

### निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी ब्यबस्था

२४. निर्वाचन सम्बन्धी व्यवस्थाः

२५. उमेदवार हुने योग्यताः

२६. अविश्वासको प्रस्तावः

२७. विधान संशोधनः कुल सदस्य संख्याको दुई तिहाई साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र विधानको कुनै दफा संशोधन वा खारेजको लागि कार्यालय समक्ष सिफारिस गरी पठाउनु पर्नेछ। कार्यालयबाट स्वीकृत भए पश्चात मात्र विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।

२८. नियम वनाउन सक्नेः १. गुठीले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम वनाउन सक्नेछ र सो को जानकारी कार्यालयलाई दिनु पर्नेछ।

२. यो विधान र विधान अन्तर्गत वनेको नियमको अधिनमा रही गुठीको कार्यसंचालन र उद्देश्य कार्यान्वयनका लागि सञ्चालक समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ। त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

२९. कर्मचारीको व्यवस्थाः १. गुठीको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए वमोजिम हुनेछ।

२. गुठीले विदेशी सहयोग प्राप्त गरी कार्य संचालन गर्न विदेशी सल्लाहकार वा स्वयमसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुर्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण कार्यालय र सम्वन्धित सरकारी निकायमा समेत जानकारी गराइनेछ।

३०. गुठीको खारेजी १. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी गुठी खारेजी गर्न सक्नेछ।

२. उपदफा १ वमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा वढी लिक्वीडेटरहरु र हिसाव किताव गर्नको लागि एक वा एक भन्दा वढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछ

३. उपदफा २ वमोजिम नियुक्त लिक्वीडेटर तथा लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए वमोजिम हुनेछ।

४. गुठी विघटन भई खारेज भएमा क्लबको दायित्वको फरफारक गरी वाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ।

३१. व्याख्याः यो विधान र विधान अन्तर्गत वनेको नियम विनियमको व्याख्या गर्ने अधिकार सञ्चालक समितिलाई हुनेछ।

३२. गोप्यता भंग गर्न नहुनेः यस गुठीको कुनै पनि पदाधिकारी, सदस्यहरुले गुठीको मान प्रतिष्ठामा आँच पुर्याउने कार्य गर्न पाउने छैन, अहित हुने कार्य गर्नु हुँदैन र सञ्चालक समितिका पदाधिकारी वा सदस्य तथा साधारण सभाका सदस्यहरुले वैठक वा गुठीका गोप्य कुराहरुलाई अनधिकृत रुपमा सार्वजनिक प्रयोगमा ल्याई गुठीको उन्नती प्रगतिमा वाधा, अड्चन, रुकावट गर्न पाइने छैन।

३३. ऐन अनुसार हुनेः यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ र प्रचलित कानुनसँग वाझिन गएका कुराहरु स्वतः निस्कृय हुनेछन्।

नमुना

३४. निर्देशनको पालनाः नेपाल सरकार वा कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु गुठीको प्रमुख कर्तव्य हुनेछ।

३५. गुठीमा रहेको घर' जग्गा' आम्दानी' ऋण तथा अन्य सम्पतिको विवरणः

३६. तदर्थ समितिः .१॰ यो संस्था स्थापना गरी दर्ता गराउनाको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयां सञ्चालक समितिको निर्वाचन गराउने छ र सो को जानकारी कार्यालयलाई दिइनेछ।

.२॰ प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा तदर्थ समितिले गरेका काम कारवाहीहरु यसै विधान सरह भएको मानिनेछ।

३७. गुठीयारहरुको विवरणः .१॰ हामी .......................... विद्यालय .......गुठीका निम्न गुठीयारहरु यस विधानबमोजिम कार्य गर्न मञ्जुर भै एकअर्काको रोहबरमा विधानमा सहीछाप गर्दछौं।

| सि.नं. | नामथर | स्थायी ठेगाना | अस्थायी ठेगाना | नागरिकता नं. | पूजीगत येगदान | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नमूना

अनुसूची – १

संस्थाको छाप र चिन्हको विवरण

संस्थाको छाप र चिन्हको विवरण वा सोको नमुना यस प्रकार रहनेछः

१. संस्थाको छाप

नेपालीमा छाप

………………………………

अङ्ग्रेजीमा छाप

…………………………………

यी दुवै छापहरूको उचाई ...... सेमी र चौडाई ............ सेमीका हुनेछन् ।

२. विद्यालयको छापः

नेपालीमा छाप

………………………………

अङ्ग्रेजीमा छाप

………………………………… ..

यी दुवै छापको उचाइ.........सेमी र चौडाइ.........सेमी रहनेछ ।

नमूना

अनुसूची २

श्रीमान् प्रमुखज्यू,
चन्द्रागिरि नगरपालिकाको कार्यालय, काठमाडौं ।

विषयः संस्था दर्ता बारे ।

महोदय,

हामीले ...................... नामक विद्यालय गुठी, मुलुकी देवानी संहिता २०७४ बमोजिम दर्ता गर्न चाहेकोले रु .......।– को टिकट टाँसी प्रस्तावित विधानको ....... प्रति, पदाधिकारीहरूको नागरिकताको प्रमाणित प्रतिलिपि १।१ प्रतिसमेत यसैसाथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौं ।

विवरण

१. संस्थाको नामः ..............................

२. संस्थाको ठेगानाः चन्द्रागिरि न.पा. वार्ड नं..... काठमाण्डौं।

३. संस्थाको घर नं. टेलिफोन नं........................ ।

४. संस्थाको मूलभूत उद्देश्यः शैक्षिक, सामाजिक तथा खेलकुद क्षेत्रमा टेवा पुर्याउने गैरनाफामुखी एक विशुद्ध सामाजिक संस्थाको स्थापना।

५ आर्थिक स्रोतः सदस्यता शुल्क, वार्षिक नविकरण शुल्क, विद्यार्थी शुल्क, कसैले स्वेच्छाले दिएको अनुदान, सहायतावापत प्राप्त रकम, गुठीको चल अचल सम्पति वा अन्य वस्तुको विक्रीबाट प्राप्त रकम, विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट सहयोगवापत प्राप्त रकम तथा स्थानीय तहबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम।

६ प्रबन्ध समिति •तदर्थ समिति◌का पदाधिकारीः

| सि.नं. | नामथर | पद | स्थायी ठेगाना | अस्थायी ठेगाना | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

भवदीय
गुठीको अध्यक्षको सहीः
मितिः

नमूना